अनुसूचि-२

(दफा ४ तथा अनुसूचि-१ को भाग-२ संग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः६४ मितिः२०७९/११/२३

## भाग-१

## त्रिवेणी गाउँपालिका

# एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९

आज्ञाले,

नामः प्रेम बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत

# एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९

गाउँकार्यपालिकाबाट पारित मितिः २०७९/११/१८

प्रमाणित मितिः २०७९/११/२३

## प्रस्तावना

त्रिवेणी गाउँपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवाको सर्व सुलभ पहुँचमा पुऱ्याउनका लागी एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न बान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी त्रिवेणी गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि",२०७९ रहेको छ ।

(ख) यो कार्यविधि त्रिवेणी गाउँकार्यपालिकाले स्वीकृत गरी स्थानिय राजपत्रमा प्रकाशन भएको मिति बाट प्रारम्भ हुने छ ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

(क)**"एम्बुलेन्स"** भन्नाले बिरामी ओसार्नको लागी स्वीकृति प्राप्त वाहन सम्झनु पर्छ ।

(ख)**"एम्बुलेन्स जनशक्ति "** भन्नाले एम्बुलेन्स मा उपस्थित रहने स्वास्थ्यकर्मी र चालकलाइ सम्झनु पर्छ ।

(ग) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) **"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिकालाइ सम्झनु पर्छ ।

(ङ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(च) **"सेवा"** भन्नाले एम्बुलेनसले बिरामीलाइ दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

(छ)**"सेवा शुल्क"** भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनुपर्ने गरि समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिमा देहायका पदाधिकारी रहनेछन्**

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) कार्यपालिका सदस्य मध्ये दलित महिला अल्पसंख्यकको प्रतिनिधित्व हुने गरी — २ जना सदस्य

**४. एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति**

एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति देहाय बमोजिम रहने छः-

(क) सामाजिक समिति संयोजक — संयोजक

(ख) स्वास्थ्य शाखा प्रमुख — सदस्य

(ग) महिला बालवालिका शाखा प्रमुख — सदस्य

(घ) शिक्षा शाखा प्रमुख — सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य सचिव

**५. समितिका काम कर्तव्य र अधिकार**

(१) एम्बुलेन्स सेवा पारदर्शी सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे नगरेको अनुगमन गर्ने।

(२) चालकले पालना गर्नु पर्ने आचार संहिता लागु गराउने।

(३) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो वा उजुरी आएमा सोको व्यवस्थापन गर्ने।

(४) एम्बुलेन्सको दररेट निर्धारण गरी कार्यपालिकाबाट पारित गराउने।

(५) सरोकारवाला वा अन्य संघ संस्था बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक बस्ने।

(६) एम्बुलेन्स संचालनका लागी अन्य थप मापदण्ड निर्माण गर्ने।

(७) चालक ले अनुसूचि १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने।

**६. सेवा शुल्क सम्बन्धि व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा प्रयोग गरे बाफत सम्बन्धित सेवा ग्राहीले अनुसूचि २ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।

(२)सेवा दिए बाफत सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

७. <u>चालक नियूक्ति र सेवा सुविधा</u>

(१)एम्बुलेन्स सेवा संचालनको लागी गाउँपालिकाले एक जना योग्य चालकको व्यवस्था गर्ने छ।

(२)चालकको पारिश्रमिक आपसी समझदारीमा संझौता भए अनुसार हुनेछ।

(३)गाउँकार्यपालिकाले तोकिए बमोजिम चालकको दुर्घटना बीमा गरिनेछ।

(४)चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूचि २ बमोजिम हुनेछ।

(५)एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता दाङ , नेपालगञ्ज र काठमाडौं को लागी क्रमशः दैनिक रु ७००, १००० र १५००।० हुनेछ।

(६)चालकलाई संचालक समितिको निर्णय अनुसार अन्य थप सेवा सुविधा उपलब्ध गराइने छ।

८. **एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभार**

(१) एम्बुलेन्स त्रिवेणी २सिम्रुतु स्वास्थ्य चौकीमा रहने छ।

(२) एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ।

(३) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ।

९. <u>विविध</u>

(१)एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा नयाँ औषधी विवरण  अनुसूचि ३ बमोजिम हुनेछ।

(२)एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्तको बीमाको दायित्व सेवाग्राही स्वयमको हुनेछ।

(३)आवश्यक्ता र औचित्यको आधारमा कार्यपालिकाले यस कार्यविधि को दफाहरु थपघट र संशोधन गर्न सक्नेछ ।

अनुसूचि १

निर्देशिकको दफा ५ संग सम्बन्धित दररेट

| सि.नं. | स्थान देखि | स्थान सम्म | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | त्रिवेणी | मुसिकोट | ५०००।० | |
| २ | त्रिवेणी | चौरजहारी | ८०००।० | |
| ३ | त्रिवेणी | दाङ | १२०००।० | |
| ४ | त्रिवेणी | नेपालगञ्ज | १७०००।०।० | |
| ५ | त्रिवेणी | काठमाण्डौं | ३५०००।० | |

एम्बलेन्सको तोकिएको सेवा शुल्क र मागफारम गरी विरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ।

(क) कच्ची सडक छोटो दुरी प्रति कि.मी — रु.२००।—

(ख) पक्की सडक छोटो दुरी प्रति कि.मी — रु.१५०।—

(ग) सिलिण्डर अक्सिजन प्रति घण्टा — रु.१००।—

(घ) सुत्केरी सेवाको लागी घरबाट पालिका भित्रका स्वास्थ्य संस्थामा पुर्याउनको लागी निःशुल्क व्यवस्था गर्ने

**अनुसूचि २**

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता**

(क) एम्बुलेन्स संचालन निर्देशिका २०७८ लाई पूर्ण पालना गर्ने।

(ख) आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने काम गर्न नहुने।

(ग) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने

(घ) विरामी र विरामीका परिवारलाई सम्मानयूक्त व्यहार र उच्च स्तरिय सेवा प्रदान गर्नुपर्ने।

(ङ) आफूले लिएका निर्णयमा आफै जवाफदेहि हुनुपर्ने।

(च) आफ्नो पेशागत दक्षता सुधारदै लैजानु पर्ने।

(छ) विरामी ओसारपसार गर्दा उसको बारेमा जानकारी लिई सोही अनुसार सेवा प्रदान गर्ने।

(ज) विरामीलाई बिच बाटोमा अलपत्र गर्न नहुने।

(झ)विरामीको गोपनियता खोल्न नहुने।

(ञ)एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा सहयोग पुऱ्याउनु पर्ने।

(ट) नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तु ओसार पसार नगर्ने, प्रचलित कानूनको पालना गर्नुपर्ने। त्यसो नगरे कानूनी कारवाहीको भागेदार हुनुपर्नेछ।

## अनुसूचि ३

निर्देशिकाको दफा ९ को उपदफा १ संग सम्बन्धित ग वर्गको एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरण विवरणः

(क) First Aid का सामानहरु,

(ख) Oxygen Cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने अन्य साधनहरु,

(ग)IV Injectionदिन सक्ने व्यवस्था,

(घ)Stretcher cum Board,

(ङ)Stethoscope, B.P. Apparatus, Torchlight,

(च)Driver with basic training in first aid and emergent medicine